आज मिति २०८२ साल पुस १७ गते बिहीबार बिहान ११ बजे बरेङ गाउँपालिका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको आर्थिक वर्ष २०८२।०८३ को ७ औं बैठकमा तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

तपसिलः

| क.स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद शर्मा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री दिलिप कुमार पुन | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री तुफान पुन | गाउँपालिका प्रवक्ता | |
| ४ | श्री नरसेङ पुन | गाउँकार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ५ | श्री हिरा बहादुर घर्ती | गाउँकार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ६ | श्री सेर बहादुर खनाल क्षेत्री | गाउँकार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ७ | श्री किसन बहादुर खत्री | गाउँकार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ८ | श्री अमर बहादुर सेरबुजा | गाउँकार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ९ | श्री चन्द्रकला केसी थापा | गाउँकार्यपालिका सदस्य | |
| १० | श्री जमुना बिटालु | गाउँकार्यपालिका सदस्य | जमुना। |
| ११ | श्री काशिराम वि.क | गाउँकार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी बस्याल | गाउँकार्यपालिका सदस्य | |
| १३ | श्री चन्द्रकला खत्री | गाउँकार्यपालिका सदस्य | |
| १४ | श्री पवित्रा पुन | गाउँकार्यपालिका सदस्य | पवीत्रा। |
| १५ | श्री बद्री नाथ पोखरेल | गाउँकार्यपालिका सचिव | |

अन्य उपस्थितिः

१६. केशबराज क्षेत्री सूचना अधिकारी

१७. सुमन गौतम फिल्ड सहायक

गाउँपालिकाको कार्यालय हुग्दिशिर, बागलुङ २०७३

आ.व २०८२।०८३ को सातौं एवं समग्रमा १०७ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।०९।१७ का निर्णयहरु

निर्णय नं १,

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बरेङ गाउँपालिकाको कार्यपालिका बाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थामा गहन छलफल गर्दा अधिकांश निर्णहरु कार्यान्वयन भएको देखियो र अगामी दिनमा थप प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्दै जाने।

निर्णय नं २,

आ.व २०८३।०८४ का लागि संघ तथा प्रदेश सरकारसँग समपुरक तथा विशेष अनुदान अन्तरगत तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु प्राथमिकता निर्धारण गरी माग गर्ने।

क) आर्थिक वर्ष २०८३।०८४ मा कार्यान्वयन हुने गरी सरकार संघीय सरकार समक्ष समपुरक र विशेष अनुदानतर्फ देहाय बमोजिमका आयोजनाहरु प्राथमिकताको आधारमा माग गर्ने।

| क.सं | अनुदानको प्रकार | योजनाको नाम (प्राथमिकता अनुसार) | अनुमानित लागत (रु.) | सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय समपुरक अनुदान | १. घट्ट- मान्द्रे ढुङ्गा सडक | ४ करोड | वडा नं. २ र ३ | गाउँपालिकाको मुख्य बाटो र लुम्बिनी प्रदेश जोड्ने सडक र आ.व २०८२।०८३ मा प्राप्त अनुदानको निरन्तरता |
| | | २. पेरिवाङ, बरेङ, उर्लेनी सडक | २ करोड | वडा नं. १ र २ | कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्ग जोड्ने सडक |
| | | ३. नयाँबजार सल्यान सुखौरा सडक | १ करोड | वडा नं. ३,४,५ | |
| २ | संघीय विशेष अनुदान | १. बरेङ गउँपालिका शैक्षिक सुधार कार्यक्रम | २ करोड | बरेङ गाउँपालिका | |
| | | २. पोषणमैत्री स्थानीय तह | ७५ लाख | बरेङ गाउँपालिका | |
| | | ३. अति विपन्न नागरिक उत्थान कार्यक्रम | २५ लाख | गाउँपालिका स्तरीय | |

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

आ.व २०८२।०८३ को सातौं एवं समग्रमा १०७ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।०९।१७ का निर्णयहरु

आर्थिक वर्ष २०८३।०८४ मा कार्यान्वयन हुने गरी गण्डकी प्रदेश सरकार समक्ष समपुरक र विशेष अनुदानतर्फ देहाय बमोजिमका आयोजनाहरु प्राथमिकताको आधारमा माग गर्ने।

समपुरक अनुदानतर्फ

| क.स. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | उर्लेनी बरेङ पेरिबाङ सडक | बरेङ गाउँपालिका वडा नं. १ र २ | बरेङ गाउँपालिकालाई गलकोट नगरपालिकासँग जोड्ने सडक |
| २ | ५ नं. वडा कार्यालय प्रशासनिक भवन निर्माण | बरेङ गाउँपालिका वडा नं ५ | |
| ३ | नयाँबजार हुग्दिशिर सडक | बरेङ गाउँपालिका वडा नं. २ र ३ | |

विशेष अनुदानतर्फ

| क.स. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | लिग्दी धनमुडा बाटाकाचौर खानेपानी आयोजना | बरेङ गाउँपालिका वडा नं. ३ | आ.व २०८२।०८३ मा प्राप्त अनुदानको अपुग भई निरन्तरता दिन |
| २ | तङ्ग्राम सिग्दी अर्लाङतुङ खानेपानी आयोजाना | बरेङ गाउँपालिका वडा नं.३ | |
| ३ | डिजिटल कक्षा व्यवस्थापन | बरेङ गाउँपालिका | |

निर्णय नं ३,

प्रस्ताव नं.३ माथि छलफल गर्दा आ.व २०८२।०८३मा संघ तथा प्रदेशद्वारा प्राप्त विशेष अनुदानका योजना कार्यान्वयन गर्ने तपसिलका निर्णयहरु सर्वसम्मत पारित गरियो।

(क) प्रदेश सरकारद्वारा हस्तान्तरित कार्यक्रम लुग्दी-धनमडुवा बाटाकाचौर खानेपानी आयोजनाको प्रस्तावना अनुसार लक्ष्य प्राप्तिको लागि बजेट अपुग रहेतापनि प्राप्त भएको विषेश अनुदान रकम अनुसार ठेक्का आह्वान गर्न प्रमुख प्रशासकीय आधिकृतलाई निर्देशन दिन साथै अधुरो कार्य सम्पन्न गर्नको लागि आ.व २०८३।०८४मा संघ तथा प्रदेश विशेष अनुदानका माग गर्ने।

(ख) संघीय सरकारद्वारा हस्तान्तरित कार्यक्रम बर्थिङ सेन्टर स्वास्थ्य संस्था व्यवस्थापन एवम सुदृढिकरण कार्यक्रम अन्तर्गत प्राप्त अनुदान १,३०,०००,०० (एक करोड तीस लाख )लाई तपसिल बमोजिमका शीर्षक अनुसार कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

आ.व २०८२।०८३ को सातौं एवं समग्रमा १०७ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।०९।१७ का निर्णयहरु

| क्र.म | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १. | स्वास्थय संस्था भौतिक संरचना मर्मत सम्भार | ४७,००,००० | |
| २. | विद्युतीय उपकरण खरिद | २५,२९,००० | |
| ३. | कार्यालय व्यवस्थापन | ६,९६,५०० | |
| ४. | स्वास्थ्य उपकरण खरिद | ३२,३६,६०० | |
| ५. | औषधी, केमिकल, प्रयोगशाला सामाग्री खरिद | १३,००,००० | |
| ६. | क्षमता विकास तालिम | ३,००,००० | |
| ७. | ढुवानी, अनुगमन तथा अन्य व्यवस्थापन खर्च | २,३७,९०० | |
| | जम्मा | १,३०,००००० | |

निर्णय नं ४,

गाउँपालिकाको १६ औं अधिवेशन यही मिति २०८२।९।२५ गते शुक्रबार बिहान ११ बजे गाउँपालिकाको सभाहलमा सञ्चालन हुने गरी आव्हान गर्ने ।

निर्णय नं ५,

मिति २०८२।०९।०६ गते गाउँपालिका उपाध्यक्षज्युको संयोजकत्वमा बसेको राजश्व परामर्श समितिका निर्णयहरु अनुमोदन गरी गाउँ सभाको १६औं अधिवेशनमा पेस गर्ने।

निर्णय नं ६,

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बरेङ गाउँपालिका तपसिल बमोजिमको निर्णय गर्ने।

(क) आ.व २०८२/८३ मा स्वीकृत स्थानीय डल्लै खर्सानी बेसार बगैंचा व्यवस्थापन र अन्य उत्पादन प्रशोधन तथा बजारीकरण परियोजना शिर्षक बाट भुक्तानी दिने,

- उक्त परियोजना स्थानमा संरचनात्मक निर्माण (ढोका, झ्याल, ग्रिल, सटर) भएको हुनाले प्राविधिक नाप जाचँको आधारमा श्री सिजन बिल्डर्स एण्ड सप्लायर्स लाई रु ९१,३९९(अक्षरुपी एकानब्बे हजार तीन सय उनान्सय) भुक्तानी दिने।
- परियोजनामा हेरालुको रुपमा श्री रामेश्वर आचार्यलाई राखे निर्णयलाई अनुमोदन गरी, निज तथा आवश्यता अनुसार डोर हाजिरीमा कार्यरत अन्य व्यक्तिलाई मासिक कार्यविवरण र डोर हाजिरिको आधारमा ज्यालादारी स्वरुप सरकारद्वारा तोकिएको न्यूनतम पारिश्रम भुक्तानी दिने।

(ख) आ.व २०८२/८३ मा स्वीकृत अध्यक्ष कप रनिङ शिल्ड प्रतियोगिता कार्यक्रम सम्पन्न गर्न Rural People Participation Development Center सँग भएको सम्झौता अनुसार कार्यक्रम सम्पन्न भई विल बमोजिमको रु ६,५५,७२४ (अक्षरुपि छ लाख पच्पन्न हजार सात सय चौवीस) भुक्तानी गर्ने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

आ.व २०८२।०८३ को सातौं एवं समग्रमा १०७ औं गाउँ कार्यपालिका बैठक मिति २०८२।०९।१७ का निर्णयहरु

विविध

(क) तलबी अध्ययन विदा समबन्धी प्रस्तावमा बरेङ गाउँकार्यपालिकाको पूर्व स्वीकृति लिई बि.पि.एच विषयमा स्नातक तह अध्ययन गर्न नेपाल सरकारले प्रदान गर्ने छात्रावृति कोटामा प्रतिस्पर्धा गरी छात्रावृति प्राप्त गर्न सफल हुग्दिशिर स्वास्थ्य चौकीमा कार्यरत हे.अ. श्री करण कुमार साहलाई गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० को नियम १११ मा भएको व्यवस्था अनुरुप मिति २०८२।१०।१८ गते देखि लागू हुने गरी ३ वर्षको लागि तलबी अध्ययन विदा स्वीकृत गर्ने।

(ख) आ.व २०८२/८३ को १६औं अधिवेशनबाट स्वीकृत भएको योजना,कार्यक्रमहरुको शीर्षक परिवर्तन गर्नुपर्ने, रकामान्तर गर्नुपर्ने, सभाबाट अनुमोदन गर्नु/गराउनु पर्ने विवरणहरु वडा कार्यालयहरु, शाखाहरुबाट संकलन गरी एकमुष्ट विवरण तयार गर्ने र आगामी कार्यपालिका बैठकमा पेश गर्ने।

(ग) कानुन निर्माण सम्बन्धमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा भएको व्यवस्था अनुसार देहायका कानुनहरु निर्माण गरी कार्यपालिका पेस गर्न यस गाउँपालिका विधायन समितिलाई जिम्मेवारी दिने।

- बरेङ गाउँपालिका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक-२०८२
- बरेङ गाउँ सभा सविबालय स्थापना र कार्यसञ्चालन कार्यविधि (विधयेक)-२०८२
- बरेङ गाउँपालिका लेखा समिति गठन तथा कार्यसञ्चालन कार्यविधि (विधयेक)-२०८२
- बरेङ गाउँपालिका बेरुजु फस्यौंट कार्यविधि (विधेयक)-२०८२
- बरेङ गाउँपालिका पूर्वधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि-२०८२
- ग र घ वर्ग अपाङ्गता भएका व्यक्तिहरुको लागि आर्थिक सहयोग वितरण कार्यविधि-२०८२

(घ) सहमति दिने सम्बन्धमा प्राविधिक शाखा बाट पेस भएका तपसील बमोजिमका आयोजनाहरुमा जग्गा विवादका कारणले ठेक्का प्रक्रियाबाट समपन्न गर्ने नसकिने हुनाले उपभोक्ता समितिलाई हेभी मेसिनरी प्रयोग गरी आयोजना समपन्न गर्न सहमति दिने।

| क्र.स | आयोजनाको नाम | वडा | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १. | क्रोकल्दिप मोटरबाटो निर्माण | १ | २००००० | |
| २. | चौडिला सडक निर्माण | १ | १५०००० | |
| ३. | कान्ले मोटरबाटो निर्माण | २ | १५०००० | |
| ४. | तल्लो भण्डार खोला गजुरा सडक | २ | ४००००० | |
| ५. | भालेश्वारा सडक सरसफाई | २ | २००००० | |
| ६. | बास्कोट मोटरबाटो स्तरोन्नती | ३ | १५०००० | |
| ७. | धनमुढा मोटरबाटो स्तरोन्नती | ३ | ३००००० | |
| ८. | चौर मोटरबाटो स्तरोन्नती | ३ | १५०००० | |

बरेङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
हुग्दिशिर, बागलुङ
२०७३

कृष्ण प्रसाद शर्मा
अध्यक्ष